गा.पा. अध्यक्ष:- ☏९८५८०२१५२१
प्र.प्र. अधिकृत:- ☏९८५८४८५०९४
सूचना अधिकारी:- ☏९८६१२९४५१६
E-mail:-ito.himalirulmun@gmail.com
website:-www.himalimun.gov.np

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**रोजगार सेवा केन्द**
धुलाचौर,बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प. स. २०७९/०८०

मितिः २०७९/११/०२

च. न.

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारे सुचना ।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०८०।०८१ मा यस गाँउपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरीने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलग्न भइ सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले फाल्गुन मसान्त सम्म आफुले स्थायी बसोवास गरेको सम्बन्धीत वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुनका लागी निवेदन दिन हुन सम्बन्धित सबैका लागी यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका ,२०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी हिमाली गाउँपालिका रोजगार सेवा केन्द्र, सम्बन्धित बडा कार्यालय र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np साथै गाउँपालिकाको वेबसाइट **https://himalimun.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आबश्यक मापदण्ड :

१.सम्पूर्ण परिवारका सदस्यहरुको नाम निवेदकसंग नाता,जन्म मिति अनिवार्य हुनु पर्ने ।
२.निवेदक (अनिवार्य) र अन्य परिवारको नागरिकता नं. र जारीमिति ।
३.निवेदक सहित सम्पूर्ण सदस्यहरुको :- शैक्षिक योग्यता,सिप,दक्षता,रोजगारीको अवस्था ।
४.निवेदकको नागरिकताको प्रतिलिपी (अनिवार्य) स्पष्ट देखिने ।
५.कुल बार्षिक पारिवारिक आम्दानी, कृषि उत्पादनले कति महिना खान पुग्ने,परिवारका केनै पनि सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन सुबिधा पाए नपाएको), काम गर्ने समय र मिति अनिवार्य रुपमा भर्नु पर्नेछ ।
६.स्थायी बसोवास, खुल्ने आबश्यक कागजातको फोटोकपी ,नागरीकता , बसाईसराई,विवाहा दत्ता आदी ।
७.निवेदकको मोवाईल नं.,बैंक खाता नं., औंठाछाप र हस्ताक्षर अनिवार्य ।
८. पासपोर्ट साईजको फोटो १ प्रति ।
९. निवेदकको उमेर १८- ५९ बर्षको हुनुपर्ने ।
१०. बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारमा जान नपाएको भए पासपोर्ट नंम्वर अनिवार्य राख्नुपर्ने ।

(थप जानकारीको लागी सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।)

धर्बिन्द कुमार सिंह
**प्राबिधिक सहायक**

राज बहादुर भण्डारी
**नि. प्रमुख प्रशासकिय अधिकृत**

नि. प्रमुख प्रशासकिय अधिकृत